संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०९/०४

बैठक संख्या: १८

समय: विहान ११:३० बजे

प्रारम्भ:.......... अन्त्य:..........

संघीय संसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठक समितिका **माननीय सभापति श्री अब्दुल खांन**को सभापतित्वमा बस्यो । बैठकमा माननीय सदस्यहरुको उपस्थिति र निर्णय देहायबमोजिम रहेको छ।

| नाम | दस्तखत |
|---|---|
| १. मा० श्री अब्दुल खांन **(सभापति)** | |
| २. मा० श्री अमृता देवी अग्रहरी | |
| ३. मा० श्री असिम शाह | |
| ४. मा० श्री कान्तिका सेजुवाल | |
| ५. मा० श्री किशोर सिंह राठोर | |
| ६. मा० श्री कृष्ण कुमार श्रेष्ठ | |
| ७. मा० श्री गणेश पराजुली | |
| ८. मा० श्री गिता बस्नेत | |
| ९. मा० श्री डोल प्रसाद अर्याल | |
| १०. मा० श्री दुर्लभ थापा क्षेत्री | |
| ११. मा० श्री मन बहादुर गुरुङ | |
| १२. मा० श्री महेन्द्र बहादुर शाही | |
| १३. मा० श्री रघुवीर महासेठ | |
| १४. मा० श्री रणेन्द्र बराली | |
| १५. मा० श्री रमा कोईराला पौड्याल | |
| १६. मा० श्री राजु थापा | |
| १७. मा० श्री राम शंकर यादव | |

| नाम | दस्तखत |
|---|---|
| १८. मा० श्री रेखा यादव | |
| १९. मा० श्री लाल प्रसाद साँवा लिम्बू | |
| २०. मा० श्री सपना राज भण्डारी | |
| २१. मा० श्री सान्ती चौधरी | |
| २२. मा० श्री सिता मिजार | |
| २३. मा० श्री सूर्य मान तामाङ (दोङ) | |
| २४. मा० श्री हेमराज राई | |

**पदेन सदस्यहरु**

| | |
|---|---|
| १. सम्माननीय प्रधानमन्त्री<br>श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | |
| २. माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री<br>श्री शरतसिंह भण्डारी | |
| ३. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री<br>श्री रमेश रिजाल | |

**आमन्त्रित**

| नाम, कार्यालय/संस्था | सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|
| १. श्री नारायणप्रसाद शर्मा दुवाढी<br>सचिव (वाणिज्य तथा आपूर्ति),<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय। | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| | | |
| | | |

संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०९/०४, बैठक संख्या: १८

## निर्णय

समितिको आज बसेको बैठकमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २५ अनुसार गठित केन्द्रीय बजार अनगुमन समितिबाट उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गणुस्तर, शुद्धताको अनगुमन वा सपुरीवेक्षणका सम्बन्धमा हालसम्म गएगरेका कामकारबाहीका सम्बन्धमा केन्द्रीय बजार अनगुमन समितिका संयोजक वाणिज्य तथा आपूर्ति सचिव श्री नारायणप्रसाद शर्मा दुवाढी, समितिका सदस्य सचिव वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्शेक श्री तीर्थराज चिलुवाल, समितिका सदस्य औषधि व्यवस्था विभागका महानिर्देशक श्री नारायण प्रसाद ढकाल र समितिका सदस्य नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्रसँग छलफल भयो । आज भएको छलफल र २०८०/०९/०३ गते भएको बैठकको छलफलका आधारमा निम्न बमोजिमका निर्णयहरु गरियो :

१. उदयपुर र हेटौडा सिमेन्ट उद्योगहरुको बर्तमान अवस्थाको अध्ययन गरी यी उद्योगहरुलाई पूर्ण क्षमता अभिवृद्धी गरी संचालन गर्न सकिन्छ वा सकिदैन, उद्योगले लिएको लक्ष्य हाँसिल भएको छ वा छैन्, उद्योग संचालनका प्रमुख समस्या तथा चुनौती केकस्ता रहेका छन्, उद्योग संचालनमा आर्थिक, सामाजिक तथा वातावरणीय दिगोपनाको अवस्था कस्तो रहेको छ, के कस्तो मोडलमा उद्योग संचालन गर्न सकिन्छ लगायतका विषयहरुमा विषय विज्ञ टोली मार्फत विस्तृत अध्ययन गरी गराई सो सम्बन्धी अध्ययन प्रतिवेदन यथाशिघ्र समितिमा पेश गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

२. समितिको लगातारको छलफल र निर्देशनका आधारमा उखु किसानहरूलाई केहि जिल्लामा हालसम्म उपलब्ध नगराइएको आ.व. २०७९/८० को उखु उत्पादन प्रवर्द्धन खर्च (अनुदान) रकम निकासा भैसकेको जानकारी भएकोले सो कार्यका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समितिको तर्फबाट धन्यबाद दिने ।

३. कन्चनपुर र कपिलबस्तु जिल्लाका उखु किसानहरुले आर्थिक बर्ष  २०७०/७१ को उखु उत्पादन प्रवर्द्धन खर्च (अनुदान) रकम रु २५ हालसम्म ती जिल्लाका किसानहरुले प्राप्त नगरेको सम्बन्धमा सो सम्बन्धमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले गरेको सिफारिशका आधारमा तत्काल भुक्तानी दिने व्यवस्था मिलाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।

४. नेपालमा चिनी के कति मात्रामा उत्पादन हुन्छ र सो उत्पादन भएको चिनीले नेपालको माग धान्न सक्ने अवस्था छ वा छैन सोको विस्तृत अध्ययन गरी नेपालमा खपतहुने अनुमानित नपुग चिनी समयमै खरिद गर्ने आवश्यक प्रकृया सुरु गरी आपूर्ति व्यवस्था सहज बनाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

५. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको निर्णायानुसार समितले देशका केहि जिल्लाहरुमा गरिएका बजार अनुगमन र सरकारी निकायबाट भएगरेका अनुगमन कार्यको पनि अनुगमन गर्दैगर्दा संघ, प्रदेश र स्थानीय तहका विविध प्रकारका अनुगमन सम्बन्धी कानून, नीति, मापदण्ड र कार्यविधिमा एकरुपता नभई अनुगमनको कार्य प्रभावकारी नभएको तर्फ समितिको गंभिर ध्यानाकर्षण भएको छ । अत : यी यस्ता विविध कानूनी प्रावधानहरुमा एकरुपता कायम गर्न, तीनै तहबिच समन्वयकारी भूमिका निर्वाह गरी प्रभावकारी रुपमा अनुगमन सम्बन्धी कार्यमा एकरुपता कायम गर्न के कस्तो कार्य गर्नु पर्छ सो सम्बन्धी कानूनी प्रावधान, जनशक्ती, बजेट, प्रविधि लगायतका विषयमा विस्तृत कार्ययोजना तयार गरी समितिमा उपलब्ध गराउन केन्द्रीय बजार अनगुमन समितिलाई निर्देशन दिने ।

६. उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तुहरुको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धताको अनुगमन वा सुपरीवेक्षण सम्बन्धी कार्यको सुनिश्चितताका लागि हाल मौजुदा कानूनहरुमा के कस्तो संधोधन गर्नु पर्छ र के कस्ता कानूनको आवश्यकता छ सो सम्बन्धी विवरण समितिलाई उपलब्ध गराउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

७. बजार अनुगमनलाई प्रभावकारी बनाउनका लागि पऱ्याप्त दक्ष जनशक्ति व्यवस्था गर्नु आवश्यक रहेको तर्फ समितिको ध्यानाकर्षण भएको छ । अत: दक्ष जनशक्तीको अभाव सम्बन्धी समस्या समाधानका लागि के कस्तो कामकारबाही गर्नु पर्छ सोको जानकारी समितिलाई उपलब्ध गराउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

८. समितिको अर्को बैठक पछि सूचना गरी बस्नेगरी आजको बैठक स्थगित हुन्छ ।

| | |
|---|---|
| ................ | ..................... |
| (रामकुमार पौडेल) | (मा. अब्दुल खांन) |
| समिति सचिव | सभापति |